# जिल्ला समन्वय समितिको कार्यालयको सूचना !

संविधान र कानूनको अधिनमा रही प्रत्येक व्यक्तिले आधिकारिक सूचना प्राप्त गरी सोही अनुरुप आफूलाई आवश्यक विषयमा रोजगारी/स्वरोजगारी, पेशा/व्यवसाय अवलम्बन गर्ने अधिकार अर्थात सूचना लिएर रोज्ने (Informed choice) महत्वपूर्ण विषय हो। रसुवा जिल्लाबाट निजामती सेवामा कार्यरत व्यक्तिहरुको संख्या अत्यन्तै न्यून पाईएको छ। यसै सन्दर्भलाई मनन गरी जिल्ला समन्वय समितिको कार्यालय रसुवाले आगामी आर्थिक वर्ष (२०७८/०७९) को श्रावण/भाद्र महिनामा शाखा अधिकृत, नायब सुब्बा, खरिदार पदमा लोक सेवा आयोगको परीक्षा प्रणाली, पाठ्यक्रम, निजामती सेवामा रहेका अवसर तथा सेवा सुविधा लगायतका विभिन्न विषयमा जानकारी तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने सोच बनाएकोले रसुवा जिल्लाका इच्छुक (१८-३५ बर्ष उमेर समूहका) व्यक्तिले २०७८ आषाढ मसान्तभित्र जिल्ला समन्वय समितिको कार्यालयमा सम्पर्क (फोन नं.०१०-५४०२५२) गरी आफ्नो विवरण उपलब्ध गराउनु हुन अनुरोध गरिन्छ। सहभागीको संख्याको आधारमा कार्यक्रमको ढाँचा (modality) तय गरिने छ।

(मीना अर्याल)

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय अधिकारी